# प्रतापपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी ,नवलपरासी,(बर्दघाट-सुस्ता पश्चिम)

५ नं. प्रदेश

मिति २०७५/१२/१८

## प्रेस बिज्ञप्ति

मिति २०७५ साल चैत्र १७ गते आइतबार साँझ वर्षासँगै आएको भीषण हावाहुरीका कारण बारा, पर्सा लगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको घटनाप्रति प्रतापपुर गाउँपालिका स्तब्ध भएको छ । हावाहुरीका कारण घर तथा इँटाभट्टा भत्केर, बिजुलीका पोल लडेर, सवारीसाधन पल्टेर भएको यस अकल्पनीय त्रासदीमा परी ज्यान गुमाउनेहरुप्रति यस गाउँपालिका भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । साथैं, यस दुःखद् घडीमा घाइतेहरुको उपचार, पीडित परिवारको उद्धार तथा राहतको काममा जुट्न सम्पूर्णमा अपिल गर्दछु ।साथै यस पालिकाको तर्फबाट  जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षकहरुको तर्फबाट एक दिन बराबरको तलब,भत्ताबाट रु १,००,०००/= (अक्षेरुपी  एक लाख) प्रदेश नं.२  मुख्यमन्त्री राहत कोषमा तत्काल पठाउने निर्णय गर्दछ।

राज कुमार शर्मा

अध्यक्ष

राजकुमार शर्मा
अध्यक्ष